# गौर नगरपालिका कार्यालय

## रौतहट

**प्रथम पटक प्रकाशित मिति २०७३/०४/१३ गते**

**आन्तरिक आय संकलन (ठेक्का वन्दोवस्त) सम्बन्धी सूचना।**

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ मा व्यवस्था भए बमोजिम यस कार्यालयले गौर बसपार्क टर्मिनलको आ.व.२०७३/०७४ देखि २०७७/२०७८ सम्म ५ बर्षका लागि सवारी साधन प्रवेश शुल्क, टिकट काउण्टर शुल्क, शौचालय प्रयोग शुल्क, सटरकोठाहरुर चमेना गृह समेत एक मुष्ठबढाबढको माध्यमद्धारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक फर्मले तपसिलका शर्तहरुको अधिनमा रही रितपूर्वक गोप्य सिलबन्दी बोलपत्र पेश गर्न यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

१. बोलपत्र बिक्री हुने अन्तिम मिति प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र (२०७३/०५/१०) गते दिनको ५:०० बजे सम्म।

२. बोलपत्र फाराम दस्तुर रु ३,०००।- (तिन हजार मात्र) फिर्ता नहुने गरी।

३. बोलपत्र दर्ता हुने अन्तिम मिति २०७३/०५/११ गते दिनको १२:०० बजे सम्म गौर नगरपालिका कार्यालय।

४. बोलपत्र खोलिने मिति २०७३/०५/११ गते दिनको २:०० बजे गौर न.पा.कार्यालयमा।

५. बोलपत्र पेश गर्ने फर्मले आफुले कबुल गरेको कुल जम्मा अंकको ५% ले हुने रकम धरौटी वापत यस कार्यालयको रा.वा.बैक गौरमा रहेको च.हि.नं. ग ३-०१ (१२१०३०३००३३०१) मा जम्मा गरेको सक्कल बैक भौचर र फर्म ईजाजत प्रमाण पत्र/ मूल्य अभिवृद्धि करमा दर्ताभएको प्रमाण पत्र/ आ.व.२०७२/०७३ को कर चुक्ता प्रमाण पत्रको फोटोकोपी पेश गर्नु पर्ने छ।

६. प्रत्येक बर्षको अग्रिम किस्ता रकम सोही आर्थिक बर्षको आषाढ मसान्तभित्र एकमुष्ट बुझाएमा कबुल अंकको १०% ले हुने रकम छुट दिइनेछ, एकमुष्ट रकम बुझाउन नसक्नेलाई बोलपत्र स्वीकृत भए पश्चात प्रत्येक बर्ष ३ किस्तामा बुझाउने गरी किस्ताबन्दी गर्न सकिने छ। जसको लागि कबुल गरेको रकमको पहिलो किस्ता वापत नगद बुझाई दोस्रो र तेस्रो किस्ताको हकमा “क” वर्गको बाणिज्य बैक बाट गौर नगरपालिका कार्यालयको नाममा जारी भएको एक बर्ष म्याद भएको बैक ग्यारेन्टी पेश गर्नु पर्ने छ। बैंक ग्यारण्टी पेश गर्ने बोलपत्रदाताले प्रत्येक आ.व.को बैशाख मसान्तभित्र पुनः एक बर्ष म्याद भएको बैंक ग्यारण्टी पेश गर्नु पर्ने छ। प्रत्येक आ.व.को बैशाख मसान्तभित्रबैंक ग्यारण्टी पेश नगरे ठेक्का सम्झौता स्वतः भंग भएको मानी पुनः ठेक्का बन्दोवस्त गर्न सुचना प्रकाशित गरिने छ। किस्तामा रकम बुझाउनेलाई कुनै छुट दिईने छैन। साथै बुझाउनु पर्ने किस्ता रकमको किस्ता अवधि बोलपत्र फारम साथ उपलब्ध हुनेछ।

७.आ.व.२०७३/०७४ मा बोलपत्र स्विकृत भई नियमाअनुसार सम्झौता हुने मिति सम्म जति दिन समय लाग्छ त्यति दिन बराबरको रकम बोलपत्रदाताले बुझाउने किस्ता रकममा घटाई चलन गर्ने अवधिको मात्र रकम लिईने छ।

८.सानो तिनो मर्मत गर्नुपर्ने भए बोलपत्रदाताले नै अनिवार्य रुपमा गर्नुपर्ने छ, ठूलो मर्मत गर्नुपरे आवश्यकता र औचित्य हेरी नगरपालिकाले गर्ने छ।

९. गौर बस टर्मिनलमा उपयोग हुने बिधुत महसुल र पानी महसुल वा अन्य सेवाको शुल्कहरु मासिक रुपमा बोलपत्रदाताले नै बुझाउनु पर्ने छ र सोको बिल अनिवार्य रुपमा सोही महिनामा यस कार्यालयमा पेश गर्नु पर्ने छ।

१०. नगरपालिकाको कुनै प्रकारको बाँकी वक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीहरु बोलपत्रमा भाग लिन पाउने छैन्।

११. ठेक्का असुली दररेट यस कार्यालयको सुचना पाटीमा टाँस गरिनुको साथै बोलपत्र फारम साथै उपलब्ध गराईने छ।

१२. नियमानुसार तिर्नु पर्ने सबै किसिमको करहरु ठेकेदारले स्वयंले नै सम्वन्धित निकायमा तिर्नु पर्ने छ।

१३. प्रवेश शूल्क, टिकट काउण्टर शुल्क र शौचालय प्रयोग शुल्कमा दररेट नबढाई यस कार्यालयले तोकेको दरमा लिनु पर्ने छ।

१४.बसपार्कको सुरक्षाको लागि मुलगेटमा प्रत्येक दिन ८ घण्टाको हिसाबले ३ जना र १६ घण्टा सरसफाईको लागि २ जना स्वीपरको व्यवस्था अनिवार्य रुपमा बोलपत्रदाता स्वयंमले नै गर्नुपर्ने छ।

१५. पेश भएको बोलपत्र कुनै कारण जनाई वा नजनाई आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकालाई रहने छ।

१६.अन्तिम दिनमा विदा पर्न गएमा अन्तिम मिति पछि कार्यालय खुलेको पहिलो दिन कायम हुनेछ।

१७.यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित आर्थिक ऐन नियम अनुसार हुनेछ।

**तपशिल**

| क्र.स. | भौतिक संरचना तथा सेवा | लिन पाउने सेवा शुल्क (मूल्य अभिवृद्धि कर बाहेक) | न्यूनतम कबोल अङक ( ५ बर्षको) | कैफियत |
|---|---|---|---|---|
| १ | रिक्सा, टेम्पु प्रवेश शुल्क | रु.१०।- (प्रति दिन एक पटक) | **१,६०,००,०००।- ( एक करोड साठी लाख मात्र )** | |
| २ | लामो दुरीको बस सेवा प्रवेश शुल्क | रु.१००।-प्रति दिन एक पटक | | |
| ३ | शौचालय शुल्क | पिसाब गर्नेबाट रु.५।-<br>दिशा गर्नेबाट रु.१०।- | | कर नलाग्ने |
| ४ | टिकट काउन्टर संख्या ४ | ५,०००।- मासिक | | |
| ५ | छोटो दुरीको बस तथा अन्य सवारी साधन प्रवेश शुल्क | रु.५०।-(प्रति दिन एक पटक) | | |